# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं, आश्विन ५ गते २०२९ साल [ अतिरिक्ताङ्क ३० (क)

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२९ सालको ऐन नं. ६

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर-विजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## गुठी संस्थान सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावना:– नेपालको संविधानको धारा ५६ ले गुठी रकमलाई सरकारी कोषबाट अलग गरेकोले राजगुठीलाई श्री ५ को सरकारको अधीनबाट झिकी एक संस्थाको जिम्मा सुम्पी राजगुठीहरूलाई सुव्यवस्थित रूपले संचालन गराउन गुठी संस्थानको स्थापना भएकोमा,

विभिन्न वर्गका जनताका बीच सुसम्बन्ध कायम राख्ने र सर्वसाधारण जनताको आर्थिक हित र नैतिकता कायम राख्ने उद्देश्यले गुठी संस्थान सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गरी बढी प्रभावकारी र सामयिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

### परिच्छेद– १

### प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:– (१) यस ऐनको नाम "गुठी संस्थान ऐन, २०२९" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा:– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:–

(क) 'संस्थान' भन्नाले दफा ३ अन्तर्गतको गुठी संस्थान सम्झनुपर्छ ।

(ख) 'समिति' भन्नाले संस्थानको संचालक समिति सम्झनुपर्छ ।

(ग) 'सदस्य' भन्नाले समितिको सदस्य सम्झनुपर्छ र यस शब्दले समितिको अध्यक्ष समेत जनाउँछ ।

(घ) 'प्रशासक' भन्नाले संस्थानको प्रशासक सम्झनुपर्छ ।

(ङ) 'गुठी' भन्नाले कुनै मठ वा कुनै देवी देवताको पर्व, पूजा वा जात्रा चलाउन वा कुनै धार्मिक वा परोपकारी कामको लागि कुनै मन्दिर, देवस्थल, धर्मशाला, पाटी, पौवा, इनार, पोखरी, तलाउ, धारा, पियाउ, बाटो, घाट, पुल, चौतारा, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्सालय, घर, इमारत वा संस्था बनाउन चलाउन वा त्यस्को संरक्षण गर्न कुनै दाताले आफ्नो चल अचल वा आयस्ता आउने अरू कुनै सम्पत्ति वा रकममा आफ्नो हक छाडी राखेको गुठीलाई सम्झनुपर्छ ।

(च) 'राजगुठी' भन्नाले यो ऐन प्रारम्भ हुँदाको अवस्थामा गुठी संस्थानको हक दायित्व भई गुठी संस्थानले बन्दोवस्त र संचालन गरी आएको राजगुठी सम्झनुपर्छ ।

९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) 'छुट गुठी' भन्नाले आयस्ताबाट गुठीको पूजा, पर्व इत्यादि दानपत्र लिखत बमोजिमको काम चलाई बांकी रहेको गुठीको शेष कसर वा सलामीसम्म राजगुठीमा बुझाउने गरी गुठी संस्थान ऐन, २०२१ प्रारम्भ हुन अगावै सरकारी गुठी लगतमा गुठी दर्ता गराई वा दर्ता गराउन पर्ने गरी त्यस्ता गुठीको जग्गाको श्री ५ को सरकारमा बुझाउनपर्ने मालपोत वा तिरो बुझाउनु नपर्ने गराई र गुठीको दाता गुठीयारले नै गुठी चलाउन पाउने गरी छुट पाएको गुठीलाई सम्झनुपर्छ ।

(ज) 'निजी गुठी' भन्नाले राजगुठी र छुट गुठी बाहेकको दुनियांको निजी गुठी सम्झनुपर्छ ।

(झ) 'गुठीयार' भन्नाले छुट गुठी वा निजी गुठीका दाता वा दाताका हकवाला गुठी चलाउन वा गुठीको शेष कसर खान पाउने हक भएका व्यक्ति र त्यस्ता गुठीको साल वसालि दरबन्दीका महन्त र र पुजारीलाई सम्झनुपर्छ ।

(ञ) 'गुठी जिमिदारी' भन्नाले कुनै जिमिदारी मौजामा गुठीको हक भई गुठीमा मालपोत दाखिल हुने जिमिदारीलाई सम्झनुपर्छ ।

(ट) 'तोकिएको वा तोकिएबमोजिम' भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

## परिच्छेद–२

## स्थापना र व्यवस्था

३. गुठी संस्थान कायम रहने:– (१) गुठी संस्थान ऐन, २०२१ अन्तर्गत स्थापना भएको गुठी संस्थान यसै ऐन अन्तर्गत स्थापना भएको मानी कायमै रहनेछ ।

(२) संस्थान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ । यसको कामको निमित्त एउटा आफ्नो छाप हुनेछ । यसले आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र यस उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(३) यस ऐनको र यस ऐन अन्तर्गत बनेको विनियमको अधीनमा रही संस्थानले चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न र कुनै प्रकारले हस्तान्तरण गरी दिन सक्नेछ ।

(४) संस्थानको प्रधान कार्यालय काठमाडौंमा रहनेछ ।

४. समितिको गठन:– (१) देहायबमोजिम बढीमा बाह्र सदस्य भएको संस्थानको संचालक समिति हुनेछ ।

(क) बडा गुरुज्यू वा नायब बडा गुरुज्यू मध्ये श्री ५ महाराजाधिराजबाट तोकिबक्सेको व्यक्ति — अध्यक्ष

(ख) बडा गुरुज्यू अध्यक्ष तोकिएको अवस्था नायब बडा गुरुज्यू — सदस्य

(ग) मूल पुरोहित — सदस्य

227

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) बाग्मती अञ्चलका अञ्चलाधीश सदस्य

(ङ) अर्थ मन्त्रालयले खटाएको प्रतिनिधि सदस्य

(च) कानून तथा न्याय मन्त्रालयको प्रतिनिधि सदस्य

(छ) शिक्षा मन्त्रालय, पुरातत्व विभागको प्रतिनिधि सदस्य

(ज) भूमिसुधार मन्त्रालयले खटाएको प्रतिनिधि सदस्य

(झ) गुठीको काममा अनुभवी व्यक्ति र धार्मिक, सामाजिक र शिक्षाको क्षेत्रमा ख्याति प्राप्त गरेको गैर सरकारी व्यक्ति तथा जनप्रतिनिधिहरू मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेका तीन वा चार व्यक्ति सदस्य

(ञ) प्रशासक सदस्य-सचिव

(२) उप-दफा (१) को खण्ड (झ) बमोजिम मनोनीत सदस्यहरूको कार्यावधि तीन वर्षको हुनेछ । निजहरूलाई कार्यावधि समाप्त भएपछि पुन मनोनीत गर्न सकिनेछ ।

तर श्री ५ को सरकारले उपयुक्त सम्झेमा कुनै मनोनीत सदस्यको कार्यावधि पूरा नहुँदै पनि निजको साटो बांकी पदावधिको लागि अरू नै व्यक्तिलाई मनोनीत गर्न सक्नेछ ।

(३) कुनै सदस्य केही अवधिको लागि समितिको बैठकमा उपस्थित हुन वा अध्यक्षले बैठक बोलाउन नसक्ने विशेष स्थिति भएमा सो अवधिको लागि निजको ठाउँमा श्री ५ को सरकारले अरू कसैलाई अस्थायी सदस्य वा अध्यक्ष तोक्न सक्नेछ ।

(४) प्रशासक बाहेक सदस्यहरूले समिति उप-समितिको बैठकमा भाग लिंदा वा संस्थानको काजमा रहंदा तोकिएबमोजिम पारिश्रमिक र भत्ता पाउने छन् ।

५. सदस्य हुन अयोग्यता:– देहायको कुनै व्यक्ति समितिको सदस्य हुन सक्ने छैन:–

(क) प्रशासक बाहेक संस्थानको कुनै वैतनिक पदाधिकारी,

(ख) साहूको दामासाहीमा परेको व्यक्ति,

(ग) बहुला वा मानसिक सन्तुलनरहित व्यक्ति,

(घ) नैतिकपतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसूरदार ठहरी कैदको सजाय पाएको व्यक्ति,

(ङ) एकाईस वर्ष उमेर पूरा नभएको व्यक्ति वा,

(च) संस्थानसंगको ठेक्कामा सरीक रहेको वा संस्थानसंगको कुनै कारोवारमा निजी आर्थिक स्वार्थ निहित रहेको व्यक्ति ।

६. सदस्य कायम नरहने अवस्था:– देहायको कुनै अवस्थामा कुनै व्यक्ति समितिको सदस्य कायम रहने छैन:–

(क) दफा ५ मा उल्लिखित कुनै अयोग्यता भएमा,

(ख) सदस्यताबाट राजीनामा गरेमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) मुनासिब कारण नभई समितिको अनुमति बेगर समितिको बैठकमा लगातार तीन पटक अनुपस्थित भएकोमा श्री ५ को सरकारले हटाएमा,

(घ) दफा ४ को उप-दफा (२) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम श्री ५ को सरकारले कुनै सदस्यको सट्टा अरूलाई नै मनोनीत गरेमा ।

७. समितिको बैठक:– (१) समितिको बैठक अध्यक्षको आदेशानुसार बोलाइनेछ । कम्तिमा तीनजना सदस्यले कार्यसूची सहित सात दिन अगावै समितिको बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले समितिको बैठक बोलाउनु पर्नेछ ।

(२) समितिको बैठकको सभापतित्व अध्यक्षले गर्नेछ ।

(३) समितिको बैठकमा प्रस्तुत गरिएको जुनसुकै प्रश्न वा प्रस्तावको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुनेछ । सभापतित्व गर्ने सदस्यलाई साधारणतः मत दिने अधिकार हुनेछैन, तर मत बराबर भएको खण्डमा निजले निर्णयात्मक मत दिन सक्नेछ ।

(४) समितिको तत्काल बाहाल रहेका सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित नभई समितिको बैठकको गणपूरक संख्या पुगेको मानिने छैन ।

(५) समितिको बैठकको अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

८. समितिको अधिकार र कर्तव्य:– (१) संस्थानको सबै काम कारवाईको रेखदेख, नियन्त्रण र व्यवस्था समितिले गर्नेछ ।

(२) यस ऐन अन्तर्गत संस्थानलाई भएको सबै अधिकारहरूको प्रयोग तथा कर्तव्यको पालन समितिले गर्नेछ ।

(३) समितिको गठनमा कुनै त्रुटी भएको रहेछ वा समितिको कुनै सदस्यको पद रिक्त भएको रहेछ भने सो कारणले मात्र समितिबाट भएको काम कारवाई बदर हुने छैन ।

(४) समितिले आफ्नो अधिकार कुनै सदस्य, सदस्यहरूको उप-समिति, दफा ११ अन्तर्गत गठित जिल्ला गुठी समिति, प्रशासक वा संस्थानको कुनै पदाधिकारीलाई सुम्पन सक्नेछ ।

९. प्रशासकको नियुक्ति, काम, कर्तव्य र अधिकार:– (१) प्रशासकको नियुक्ति श्री ५ को सरकारबाट हुनेछ र निजको सेवाको शर्त श्री ५ को सरकारले तोकेबमोजिम हुनेछ ।

(२) समितिका निर्णयहरू कार्यान्वयन गर्ने र समितिको निर्देशन र नियन्त्रणमा रही संस्थानको सबै प्रशासकीय काम गर्ने काम कर्तव्य र अधिकार प्रशासकको हुनेछ ।

(३) प्रशासकले आफूलाई भएको वा सुम्पिएको कुनै कार्य वा भएको अधिकार आफ्नो रेखदेख र जिम्मेदारीमा आफूमुनिका कुनै कर्मचारीलाई आवश्यकता अनुसार प्रत्यायोजन गर्न सक्नेछ ।

२२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. अन्य कर्मचारी र सल्लाहकारको नियुक्तिः– संस्थानले आवश्यकतानुसार कर्मचारी र सल्लाहकारहरूको नियुक्ति गर्न सक्नेछ र निजहरूको नियुक्ति र सेवाको शर्त तोकिए-बमोजिम हुनेछ ।

११. जिल्ला गुठी समितिको गठन र काम कर्तव्यः– (१) संस्थानले आवश्यक देखेमा कुनै जिल्लामा जिल्ला गुठी समितिको गठन गर्न सक्नेछ ।

(२) संस्थानका संचालकको सम्बन्धमा दफा ५ मा लेखिएको अयोग्यता जिल्ला गुठी समितिका सदस्यको सम्बन्धमा पनि लागू हुनेछ ।

(३) जिल्ला गुठी समितिले दफा ८ को उप-दफा (४) अन्तर्गत समितिबाट सुम्पिएको कर्तव्य र अधिकारहरू यो ऐन वा यस ऐन अन्तर्गत बनेका विनियमको अधीनमा रही संस्थान मातहतका सो जिल्लास्थित स्थानीय राजगुठीहरूको सम्बन्धमा प्रयोग तथा पालन गर्नेछ ।

(४) जिल्ला गुठी समितिको बैठकको कार्यविधि तोकिएबमोजिम हुनेछ ।

(५) जिल्ला गुठी समितिका सदस्यहरूको कार्यावधि, योग्यता, पारिश्रमिक र सेवाका अरू शर्तहरू तोकिएबमोजिम हुनेछन् ।

१२. संस्थानको कोषः– (१) संस्थानको आफ्नो एउटा छुट्टै कोष हुनेछ । सो कोषमा देहायका सबै रकम जम्मा गरिनेछन्ः–

(क) श्री ५ को सरकारबाट प्राप्त भएको अनुदान,
(ख) कुनै स्रोतबाट प्राप्त भएको रकम,
(ग) जायज्यथाबाट प्राप्त रकम,
(घ) संस्थान अधीनस्थ नम्बरी जग्गाबाट प्राप्त भएको मालपोत,
(ङ) संस्थानलाई प्राप्त अरू कुनै रकम ।

(२) संस्थानको सबै नगदी संस्थान कोष नाम गरेको खातामा नेपाल राष्ट्र बैंक वा कुनै वाणिज्य बैंक वा सो नभए श्री ५ को सरकारको माल अड्डा वा कोष तथा तहसिल कार्यालय मा राखिनेछ ।

(३) संस्थानका तर्फबाट गर्नु पर्ने सबै नगदी खर्च संस्थान कोषबाट व्यहोरिनेछ ।

१३. संस्थानको लेखा र लेखापरीक्षकः– (१) संस्थानको सबै लेखा नेपालको महालेखा परीक्षकले तोकिदिएबमोजिमको ढांचा र तरिका अनुसार राखिनेछ ।

(२) संस्थानको लेखापरीक्षण नेपालको महालेखापरीक्षकबाट हुनेछ ।

१४. संस्थानको आर्थिक वर्ष र वार्षिक प्रतिवेदनः– (१) संस्थानको आर्थिक वर्ष श्री ५ को सरकारको आर्थिक वर्ष सरह हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) संस्थानले प्रत्येक आर्थिक वर्ष अन्त भएको तीन महीनाभित्र आफ्नो आर्थिक स्थिति र आफ्नो कामको वार्षिक प्रतिवेदन श्री ५ को सरकारमा पेश गर्नेछ ।

## परिच्छेद– ३
## संस्थानको काम-कर्तव्य

१५. राजगुठीको बन्दोवस्त र संचालनः– (१) संस्थानको अमानती राजगुठी, मठ, मन्दिरको बन्दोवस्त र संचालनको लागि आवश्यकतानुसार महन्त, पुजारी, व्यवस्थापक र अरू कामदार कर्मचारीको नियुक्ति गरी दानपत्र लिखत भए सो र परम्पराबमोजिमको पर्व पूजा इत्यादि गर्नु पर्ने काम अमानतबाटै गराउने छ र त्यस्तो अमानती गुठी मठ मन्दिरको आयस्ता गुठी कोष र गुठी जिन्सी मौज्दातमा जम्मा गरी खर्च गुठी कोष र गुठी जिन्सी मौज्दातबाट नै व्यहोरिनेछ ।

(२) राजगुठीमा परिणत भएका छुट गुठी र निजी गुठीका हकमा संस्थानले त्यस्ता गुठीको दानपत्र लिखत र परम्पराबमोजिम पर्व पूजा इत्यादि गर्नु पर्ने काम नरोकिने र धर्म लोप नहुने गरी भइरहेको कामदार कर्मचारी र खर्चको दरवन्दीमा बढी अनावश्यक कटाई नयां नरबन्दी कायम गरी सोअनुसार आयस्ताले नपुग हुनेमा र आयस्ता केही मात्र बढी हुनेमा संस्थानले उप-दफा (१) बमोजिम अमानतबाट बन्दोवस्त संचालन नगरी आफ्नै रेखदेख, नियन्त्रण, निर्देशनमा पांच पांच वर्षको अवधि तोकी त्यस्तो गुठीको बन्दोवस्त र संचालन साविकमा चलाई आएको दाता, गुठियार, महन्त, पुजारीलाई सुम्पन सक्नेछ ।

तर त्यसरी सुम्पिएकोमा दरवन्दीबमोजिम खर्च कटाई बांकी बचेको आयस्ता संस्थानमा बुझाउनु पर्नेछ ।

१६. संस्थानको काम, कर्तव्य तथा अधिकारः– यस ऐनमा स्पष्ट व्यवस्था भए बाहेक संस्थानको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ ।

(१) राजगुठीमाथि संस्थानमा हक दायित्व राखी व्यवस्था तथा संचालन गर्ने,

(२) छुट गुठी तथा निजी गुठीलाई राजगुठीमा लिई अमानतबाट व्यवस्था र संचालन गर्ने वा यस ऐनमा व्यवस्था भएबमोजिम संचालन गराउने,

(३) दानपत्र लिखत परम्पराबमोजिमको धार्मिक पर्व पूजा धर्मलोप नहुने गरी चलाउने वा चलाउन लगाउने,

(४) राजगुठीको चल अचल सम्पत्ति वा त्यसबाट भएको आम्दानी हाल भै रहेको र थप कुनै धार्मिक, शैक्षिक, सामाजिक, सांस्कृतिक वा परोपकारी संस्था वा कार्यमा लगाउने,

२२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) राजगुठीको आम्दानीबाट फजुल खर्च घटाई चुहावट रोकी राजगुठीलाई बढी व्यवस्थित रूपले संचालन गर्न आवश्यकतानुसार कर्मचारी र खर्चको नयाँ दरवन्दी लगत बनाउने,

(६) कुनै अनुदान, दान, दातव्य, चल, अचल सम्पत्ति प्राप्त गर्ने,

(७) खेती, वागवानी र पशुपालन गर्ने,

(८) राजगुठीबाट गर्नु पर्ने कुनै काम गर्न संस्थानका तर्फबाट ठेक्का दिने करार गर्ने,

(९) घर पसल बनाई वाहालमा दिने

(१०) संस्थानकोतर्फबाट चलाउनु पर्ने कुनै कानूनी कारवाई चलाउने वा संस्थान उपर चलेको कुनै कानूनी कारवाईको प्रतिरक्षा गर्ने र अदालतको फैसलाबमोजिम गर्ने,

(११) राजगुठीको आयस्ता रकमबाट गुठी चलाउने, खर्च गर्न बाकी रकमबाट तोकिएबमोजिम जगेडा कोष खडा गर्ने र सो कोषबाट सुरक्षित लगानी गर्ने,

(१२) गुठी तैनाथी जग्गामा संस्थानले आफै खेती गर्न वा मोही लगाई खेती गर्न दिने ।

(१३) यो ऐन र प्रचलित कानूनबमोजिम राजगुठीको व्यवस्था र संचालन गर्दा परिआएको अरू काम गर्ने ।

१७. संस्थानले गर्न नहुने काम:– संस्थानले देहायको काम गर्न हुँदैन:–

(१) गुठी तैनाथी जग्गामा श्री ५ को सरकारको स्वीकृति वेगर गुठीको तैनाथी छाडी दिने,

(२) गुठी ऐलानी जग्गा श्री ५ को सरकारको नीति विरुद्ध नम्बरीमा दर्ता गर्ने,

(३) संस्थानलाई नोक्सान वा राजगुठीको धर्म कार्यमा बाधा पर्ने कुनै काम कारवाई आर्थिक कारोवार वा अन्य व्यवस्था सम्बन्धी काम गर्ने ।

१८. छुट गुठीको हक दायित्व संस्थानमा सर्ने:– यो ऐन प्रारम्भ भएपछि सबै छुट गुठी राजगुठीमा परिणत भई त्यस्तो छुट गुठीको चल अचल जायज्येथा देवमूर्ति समेत उपर छुट गुठीको भइराखेको सबै अधिकार संस्थानमा सर्नेछ र त्यस्ता छुट गुठीका गुठियार खान्गीदारको सबैहक अधिकार समाप्त हुनेछ ।

१९. निजी गुठीको हक दायित्व संस्थानले लिन सक्ने:– कुनै निजी गुठीको दाता समेत सबै वा अधिकांश गुठियारहरूले त्यस्तो निजी गुठीको हक दायित्व संस्थानले नै व्यहोर्ने गरी वन्दो-वस्त र संचालन संस्थानबाट नै हुन लिखित अनुरोध गरेमा संस्थानले त्यस्तो गुठीको हक दायित्व लिई बन्दोवस्त र संचालन गर्न सक्नेछ । त्यसरी संस्थानले हक दायित्व लिएपछि त्यस्तो निजी गुठी राजगुठीमा परिणत भई त्यस्तो निजी गुठीको चल अचल, जायज्यथा, देवमूर्ति समेत उपर निजी गुठी वा दाता गुठियारको भैराखेको सबै अधिकार संस्थानमा सर्नेछ र त्यस्तो निजी गुठीका दाता गुठियार खान्गीदारको सबै हक अधिकार समाप्त हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. राजगुठीमा परिणत भएको छुट गुठी निजी गुठीको विवरण जायज्यथा बुझाउने:– दफा १८ र १९ बमोजिम राजगुठीमा परिणत भएको छुट गुठी वा निजी गुठीका दाता गुठियार वा गुठी चलाई आएका व्यक्तिले संस्थानले सूचना प्रकाशित गरेको ६ महीनाभित्र संस्थानले तोकेबमोजिम त्यस्तो गुठीको चल, अचल, जायज्यथाको विवरण र स्याहा स्नेस्ता लगायत सबै लिखत संस्थानलाई बुझाउनुपर्छ ।

## परिच्छेद–४
## गुठी जिमिदारी उन्मूलन

२१. गुठी जिमिदारी उन्मूलन:– गुठी जिमिदारी उन्मूलन गरिएको छ । त्यस्तो उन्मूलनको परिणामस्वरूप सम्बन्धित गुठी मौजाको जिमिदारीसित सम्बन्धित जिमिदार पटवारीको सबै हक अधिकार स्वत: समाप्त भएको मानिनेछ ।

तर, जिमिदारी साथको जग्गाका हकमा जिमिदारी उन्मूलन भएको जिमिदारको नाउँमा गुठी रैतान नम्बरीमा दर्ता हुनेछ ।

२२. जिमिदारी सम्बन्धी कागजपत्र:– गुठी जिमिदारीको कागजपत्र जिम्मा भएको व्यक्तिले सो कागजपत्र संस्थानले आदेश दिएका बखत संस्थानलाई बुझाउनुपर्छ ।

२३. मालपोत असूल तहसिल गर्ने अन्तरिम व्यवस्था:– उन्मूलन भएको गुठी जिमिदारीको मालपोत असूल तहसिल गर्ने सम्बन्धमा संस्थानले व्यवस्था मिलाई सूचना नदिएसम्म सम्बन्धित जिमिदार पटवारीले साबिकबमोजिम मालपोत असूल तहसिल गरी संस्थानमा बुझाउनु पर्नेछ ।

## परिच्छेद–५
## राजगुठी जग्गा

२४. गुठी तैनाथी जग्गाको बन्दोवस्त:– गुठी तैनाथी जग्गा संस्थानले आफैं खेती गर्न वा मोहीयानीमा अरूद्वारा खेती गर्न दिन सक्नेछ ।

(२) गुठी तैनाथी जग्गा मध्ये ऐलानी बांझो जग्गाको हकमा संस्थानले देहायबमोजिम व्यवस्था गर्न सक्नेछ :–

(क) संस्थानले आफैं आवाद गर्ने,

(ख) खण्ड (क) बमोजिम संस्थान आफैले आवाद गर्न उपयुक्त हुने जग्गामा संस्थानको तैनाथी (स्वामित्व) कायम नै राखी बढीमा सात वर्षसम्मको कूत माफी गरी खास किसानलाई मोहीयानीमा हाल आवादी गर्न दिने,

(ग) खण्ड (ख) बमोजिम बन्दोवस्त हुन नसक्नेमा बढीमा तीन वर्षसम्मको मालपोत माफी गरी हाल आवादी गर्ने व्यक्तिको नाममा गुठी रैतान नम्बरीमा दर्ता गरी हाल आवादी गर्न दिने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै जग्गा बसोवास वा उद्योग व्यापारको लागि उपयुक्त भए त्यस्तो गुठी तैनाथी जग्गामा आवादी वा ऐलानी जे भए पनि उपयोग र ठाउँको महत्व हेरी संस्थानले वाहाल लगाई लिन सक्नेछ । यो ऐन प्रारम्भ हुँदाको बखत त्यस्तो जग्गामा संस्थानको स्वीकृति नलिई कसैले घर वा पसल बनाई सकेको रहेछ भने उक्त जग्गामा संस्थानले भूवाहाल लगाउन सक्नेछ । यसरी वाहाल लागेको जग्गामा छुट्टै ठेक, कूत वा अरू कुनै तिरो लाग्ने छैन ।

२५. गुठी अधीनस्थ जग्गाको बन्दोवस्तः– (१) यो ऐन प्रारम्भ भएपछि काठमाडौं उपत्यका र पहाड इलाकामा जोताहाले दर्तावालालाई कूत बुझाई दर्तावाला मोहीले राजगुठीलाई पुरै जिन्सी वा आंशिक जिन्सी र आंशिक गुठीको भाउले नगदीमा बुझाउनु पर्ने गुठी अधीनस्थ जग्गामा दर्तावालाको सबै हक अधिकार समाप्त भई त्यस्तो जग्गामा संस्थानको पूर्ण स्वामित्व कायम हुनेछ र त्यस्तो जग्गामा खास जोताहा किसानले प्रचलित कानूनबमोजिम मोहियानी हक पाउनेछ ।

(२) उप-दफा (१) बमोजिम दर्तावाला मोहीको हक समाप्त भई खास जोताहा किसानले मोहियानी हक पाउनेमा त्यस्तो मोहीले हक समाप्त हुने दर्तावालाको नाउँमा तोकिएको कार्यालय वा संस्थानमा त्यस्तो दर्तावालाले यो ऐन प्रारम्भ हुनुभन्दा अघि खान पाउने छ्वायवालीको दश गुणाले हुने रकम क्षतिपूर्तिको रूपमा तोकिएबमोजिम दाखिला गर्नु पर्नेछ । हक समाप्त हुने दर्तावालाले त्यस्तो क्षतिपूर्तिको रकम त्यस्तो कार्यालय वा संस्थाबाट तोकिएबमोजिम एक मुष्ट पाउनेछ ।

स्पष्टीकरणः– यस दफाको प्रयोजनको लागि "छ्वायवाली" भन्नाले खास जोताहा किसानले दर्तावालालाई खास बुझाउनु पर्ने जिन्सी रकमबाट दर्तावालाले राजगुठीलाई खास बुझाउनु पर्ने नगदी जिन्सी कटाई दर्तावालालाई बच्ने खुद मुनाफा सम्झनुपर्छ र सो खुद मुनाफाको हिसाब गर्दा जिन्सी बापत नगदी बुझाउने पाउनेको जिन्सी कै हिसाब गरिनेछ ।

(३) उप-दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले शहरी क्षेत्र घोषित गरेको क्षेत्रभित्रको त्यस्तो जग्गाको तीन खण्डको दुई खण्ड दर्तावालाकै नाममा र एक खण्ड खास जोताहाको नाममा दर्ता गरिनेछ । यस प्रकार खास जोताहाको नाममा दर्ता हुने जग्गा बापत दर्तावालाले कुनै क्षतिपूर्ति पाउने छैन ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै गुठी अधीनस्थ जग्गामा कसैले कानूनबमोजिम अधिकार पाई घरवारी बनाई बसोवास गरी आएको भए प्रचलित नेपाल कानूनबमोजिम घरवारी बापत राख्न पाउने जग्गाको हदसम्म जग्गा सोही व्यक्तिको नाममा मोहियानीमा दर्ता हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) भूमि सम्बन्धी ऐन, २०२१ वा अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै लेखिएको भए तापनि उप-दफा (३) अनुसारको जग्गाको मोहियानी हक किन बेच हुन सक्नेछ ।

(६) गुठी अधीनस्थ जग्गामा मोहीले घर बनाउँदा संस्थानको स्वीकृति लिनु पर्छ र स्वीकृति नलिई बनाएको घर जग्गामा दफा २४ बमोजिम संस्थानले भूवाहाल लगाई लिन सक्नेछ ।

## परिच्छेद–६

## मोहीको व्यवस्था

२६. मोहियानी हक लाग्ने:– देहायको राजगुठी जग्गामा खास जोताहा किसानले प्रचलित कानूनबमोजिम मोहियानी हक पाउनेछ:–

(क) जग्गावालाले संस्थानलाई मालपोत बुझाउनु पर्ने गुठी नम्बरी जग्गा,

(ख) संस्थानले जग्गावालाको हैशियतमा श्री ५ को सरकारलाई मालपोत बुझाउनुपर्ने रैकर जग्गा,

(ग) गुठी तैनाथी जग्गा,

तर, (१) यो ऐन वा भूमि सम्बन्धी ऐन, २०२१ वा अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गुठी तैनाथी जग्गामा संस्थानले लिखित मन्जूरी गरी मोहियानी प्रदान गरेकोमा बाहेक २०३० साल चैत्र मसान्तसम्म त्यस्तो जग्गामा कसैले मोहियानी हक प्राप्त गर्ने छैन र सो अवधिभित्र संस्थानले आफै खेती, बागवानी वा पशुपालन गर्न चाहेमा प्रचलित कानूनबमोजिम मोही पजनी गर्न सक्ने याम समयमा जग्गा छिक्न सक्नेछ ।

(२) संस्थानको यो खण्डबमोजिम जम्मा पन्ध्र सय बिगहा भन्दा बढी जग्गामा मोहियानी हक प्रदान नगरी राख्न वा सो भन्दा बढी जग्गा झिक्न पाउनेछैन ।

२७. मालपोत असूल गर्ने व्यवस्था:– (१) संस्थानले आफ्नो कार्यालयहरूद्वारा मालपोत, कूत, वाहाल असूल गर्ने व्यवस्था गर्नेछ ।

(२) मालपोतका हकमा काठमाडौं उपत्यका र पहाडतर्फ चैत्र मसान्तसम्ममा र तराइतर्फ जेष्ठ मसान्तसम्ममा मालपोत असूल गरिनेछ । मालपोत असूल गर्ने म्याद नाघेमा जरिवाना गर्ने वा मालपोत बाँकीमा जग्गा लिलाम गर्ने समेतमा प्रचलित कानूनमा भएको व्यवस्था संस्थानले असूल गर्ने मालपोतका हकमा पनि लागू हुनेछ ।

(३) बक्यौता मालपोतको हकमा संस्थानले किस्ताबन्दीमा असूल गर्ने व्यवस्था गर्न सक्नेछ ।

(४) मालपोत बाँकीमा जग्गा लिलाम गर्दा सरकारी मालपोत बाँकीमा रैकर जग्गा लिलाम गर्न अधिकारीछेउ लगी लिलाम गरिनेछ ।

(५) कूत तिरोका हकमा सरकारी रैकर जग्गाको मोहीले कूत तिर्ने याम समयमा संस्थानलाई बुझाउनुपर्छ ।

233

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) कूत तिरो बुझाउने सम्बन्धमा र नबुझाएको सम्बन्धमा मोहीलाई निस्काशन गर्न बाँकी कूत तिरो असूल गर्ने सम्बन्धमा प्रचलित नेपाल कानूनमा भएको व्यवस्था संस्थानले पाउने कूत तिरोको हकमा समेत लागू हुनेछ ।

(७) संस्थानले कूत तिरो पाउनेमा संस्थानले नालिस उजूर गर्ने वा कूत तिरो असूल गर्ने हकमा प्रचलित नेपाल कानूनले तोकेको कुनै हद लाग्नेछैन ।

(८) संस्थानले बक्यौता कूत तिरो असूल गर्दा वार्षिक सयकडा १० सम्म ब्याज लगाई किस्तावन्दीमा असूल गर्न सक्नेछ ।

(९) कूत तिरो बाँकीमा मोही निस्काशन गर्दा वा बाँकी कूत तिरो रकम मोहीको जायज्यथाबाट असूल गर्न संस्थानले भूमिसुधार अधिकारीको कार्यालय वा भूमिप्रशासन कार्यालयलाई कारवाहीको माग गरी लेखी पठाउनुपर्छ । त्यसरी संस्थान वा असूल तहसिल गर्ने संस्थानको कार्यालयबाट लेखी आएमा भूमिसुधार अधिकारी वा भूमिप्रशासकले प्राथमिकता दिई प्रचलित नेपाल कानूनबमोजिम आवश्यक कारवाही गर्नुपर्छ ।

(१०) संस्थानको आफ्नो अचल सम्पत्ति बाहालमा दिई राखेकोमा यो ऐन प्रारम्भ भएपछि संस्थानले त्यस्तो बाहालको सम्बन्धमा नयाँ कबूलियत गराउन सक्नेछ । यसरी नयाँ कबूलित गराउँदा बाहालको अंक निर्धारण गर्न संस्थानले तोकेबमोजिम बाहाल निर्धारण समिति गठन हुनेछ ।

तर, कुनै बाहाल बुझाउनु पर्ने व्यक्तिले बाहाल नबुझाएकोमा कूत तिरो सरह नै असूल गर्ने कारवाही गरिनेछ ।

२८. गुठी तैनाथी र गुठी अधीनस्थ जग्गामा लाग्ने कूत तिरोः– दफा २४ र २५ बमोजिम मोहियानी लागेको गुठी तैनाथी जिरायत जग्गामा र गुठी अधीनस्थ जग्गामा सरकारी रैकर जग्गावालाले मोहीबाट जग्गाको ठाउँ र किसिम अनुसार पाउने कूत सरहनै पूरा जिन्सीमा बुझाउने गरी कूत लाग्नेछ ।

२९. गुठी रैतान नम्बरी जग्गामा मालपोत लाग्नेः– (१) सरकारी रैकर जग्गाको जग्गावालाले जग्गाको किसिमअनुसार श्री ५ को सरकारमा मालपोत बुझाए सरह गुठी संस्थान नम्बरी जग्गाको जग्गावालाले संस्थानमा मालपोत बुझाउनेछ ।

(२) त्यस्तो गुठी रैतान नम्बरी जग्गामा जग्गावालाको हक र हैशियत प्रचलित कानून बमोजिम सरकारी रैंकर जग्गाको जग्गावालाको सरहनै हुनेछ ।

(३) यस दफाको प्रयोजनको लागि जग्गावाला भन्नाले यस ऐनबमोजिम संस्थानलाई मालपोत तिर्नु पर्ने गरी गुठी जग्गा आफ्नो नाममा दर्ता भई सो दर्ताको नाताले उक्त जग्गामा हक हुने व्यक्ति र त्यस्तो व्यक्तिको हकवाला वा अंशियार भएको नाताले वा त्यस्तो व्यक्तिले प्रचलित नेपाल कानूनबमोजिम आफ्नो हक छोडिदिएकोले सो जग्गा आफ्नो नाममा दर्ता गराउने हक पुगेको व्यक्ति सम्झनुपर्छ ।

४३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–७

## विविध

३०. हदबन्दी सम्बन्धी व्यवस्था:– गुठी रैतान नम्बरी जग्गाको जग्गावाला र संस्थान अधीनस्थ जग्गाका मोहीका सम्बन्धमा हदबन्दी सम्बन्धी प्रचलित नेपाल कानूनको सबै व्यवस्था लागू हुनेछ र सो प्रयोजनको लागि गुठी जग्गा र सरकारी रैकर जग्गा दुवैको हिसाब गरी हदबन्दी कायम गर्नुपर्छ ।

३१. गुठी तैनाथी जग्गाका सम्बन्धमा विशेष व्यवस्था:– यस ऐनबमोजिम गुठी तैनाथी हुने जग्गा राजगुठी र संस्थानको हित विपरीत कुनै व्यक्तिले कुनै किसिमले बन्दोबस्तीमा लिएको भए पनि गुठी संस्थान ऐन, २०२१ लागू भएपछि बन्दोवस्ती पाएको त्यस्तो हक अधिकार स्वतः समाप्त भई त्यस्तोमा संस्थान र राजगुठीको हक र स्वामित्व पुनः कायम हुनेछ ।

तर,(क)बन्दोबस्तीमा पाएको जग्गा घरबारीको लागि प्रयोग भएकोमा अन्य प्रचलित कानूनले पाएको हदसम्म त्यस्तो व्यक्तिको नाउँमा गुठी नम्बरीमा दर्ता हुनेछ । बांकी जग्गामा संस्थानलाई यस ऐनबमोजिम कूत तिरो बुझाउनु पर्नेछ ।

(ख) तर श्री ५ को सरकारको स्वीकृति लिई गुठी संस्थानले १० बिगहासम्म कसैको नाममा गुठी नम्बरीमा दर्ता गरेको जग्गाको हकमा यो दफा लागू हुनेछैन ।

३२. संस्थानलाई निर्देशन दिने अधिकार:– श्री ५ को सरकारले आवश्यक देखेमा संस्थानलाई आवश्यक निर्देशनहरू दिन सक्नेछ । त्यसरी निर्देशन भएमा संस्थानले त्यस्तो निर्देशनहरू पालना गर्नु पर्नेछ ।

३३. दण्ड सजाय:– (१) संस्थानको कुनै पदाधिकारी वा कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियतसाथ संस्थानलाई कुनै हानी नोक्सानी पुर्‍याएमा निजबाट बिगो असूल गरी निजलाई एक वर्षसम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

(२) दफा २० बमोजिम संस्थानलाई विवरण र लिखत नबुझाउने व्यक्तिलाई पाँचसय रूपैयाँसम्म जरिवाना वा ६ महीनासम्म कैद हुनेछ ।

(३) उप-दफा (१) र (२) मा लेखिएदेखि बाहेक कसैले यस ऐनको बर्खिलाप कुनै अन्य काम कुरा गरेमा निजलाई पांचसय रूपैयाँसम्म जरिवाना वा ६ महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

३४. मुद्दा हेर्ने अधिकार क्षेत्र:– यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक संस्थान वादी वा प्रतिवादी भएको मुद्दामा शुरू कारवाही र किनारा गर्ने अधिकारक्षेत्र अञ्चल अदालतको हुनेछ ।

237

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५. विघटन र त्यसको परिणाम:– (१) कुनै कारणवश संस्थानलाई विघटन गर्नुपर्छ भन्ने श्री ५ को सरकारलाई लागेमा संस्थानलाई विघटन गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम संस्थान विघटन भएमा संस्थानको सबै दायित्व र अधिकारहरू श्री ५ को सरकारमा सरेको मानिनेछ ।

३६. विनियम बनाउने अधिकार:– यो ऐनको उद्देश्य कार्यान्वित गर्न समितिले श्री ५ को सरकारबाट स्वीकृति प्राप्त गरी विनियमहरू बनाउन सक्नेछ ।

३७. खारेजी:– गुठी संस्थान ऐन, २०२१ खारेज गरिएको छ ।

लालमोहर सदर मिति– २०२६।६।५।५

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

१३५

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।